जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १५४ २०७६ साल माघ २ गते बिहीबार (16 Jan. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : बस पार्क, औद्योगिक क्षेत्र र ... ३ पृष्ठमा : दाइजो : छोरीका लागि.. ३ पृष्ठमा : पाकिस्तान नियन्त्रित ...

# बेरोजगार नेपाली युवा भारतमा ठगिदै

## दुई हजार ५ सयमै नेपालीलाई भारतीय “आधारकार्ड” बनाइदै




आकर्षक तलबसहितको जागिरका लागि आवश्यक पर्ने भन्दै २ हजार ५ सय रुपैयाँ लिएर भारतीय कम्पनीको संचालकले एक घन्टामै बनाईदिएको नेपाली युवा राजेश कुमार यादवको भारतीय आधार कार्ड । तर, यस्तो कार्ड भारतीय नागरिकले मात्र पाउने त्यहाँको कानूनी व्यवस्था छ । *तस्बिर : राजविराज दैनिक*

**नवीनकुमार गुप्ता**
**राजविराज, १ माघ ।**

विगत केही महिनादेखी नेपालका सयौं बेरोजगार यूवाहरु छिमेकी मुलुक भारतमा ठगिदै आएको खुलासा भएको छ । यती मात्र नभएर उनीहरुलाई भारतीय नागरिकता भनिने “आधारकार्ड” समेत बनाइदिने गरिन्छ । दुई हजार ५ सय शुल्क तिरेपछि केही मिनेटमै आधार कार्डको प्रतिलिपी आइपुग्छ ।

भारतको बिहार राज्य अन्तरगत सारण जिल्ला छपरास्थित नेवाजी चौकमा एम एस माँ लक्ष्मी इन्टरप्राइजेज नामक एक नेटवर्क कम्पनीले भ्रामक प्रचार तथा आकर्षक तलबसहित जागिर दिने प्रलोभन देखाउँदै सयौं नेपाली सोझासाझा युवाहरुलाई ठगिरहेको खुलासा भएको छ ।

सोही कम्पनीमा काम लगाइदिने भन्दै भ्रमजालमा फसी ३५ हजार रुँपैया गुमाएका राजविराज नगरपालिका १ डुमरी शिवथान निवासी २५ वर्षिय राजेश कुमार यादव त्यहाँबाट भाग्न सफल भएपछि सो खुलासा भएको हो । उनलाई भने अरु कसैले होइन् नातामा पर्ने भान्जाले जागिरको प्रलोभनमा पारेर भारत पुऱ्याएका थिए ।

उनी बुधबार घर आइपुगेपनि अहिले ६ सयभन्दा बढी नेपाली यूवाहरु त्यहा बन्धक अवस्थामा रहेको उनले जानकारी दिएका छन् । उक्त स्थानमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका गरि ६ सय यूवाहरु बन्धक अवस्थामा रहेको र कम्पनीले घर फर्किन नदिएको उनले बताएका छन् । भारतीय ग्लेज ट्रेडिङ इण्डिया प्रालिको शाखा रहेको बताउने एम एस माँ लक्ष्मी इन्टरप्राइजेज नेटवर्क कम्पनीले नेपालको मधेशका जिल्लाहरुमा दर्जनौं एजेन्ट खटाई त्यहाँका सोझासाझा युवालाई आकर्षक तलबसहितको जागिर दिने प्रलोभनमा पारी लैजाने गरेको र त्यो क्रम अहिले पनि चलिरहेको पीडित युवा राजेशले बताए ।

भारतीय एजेन्टहरुले केही स्थानीय व्यक्तिलाई विश्वासमा लिई त्यस्तो अवैध कारोवार खुलेआम गरिरहेको यादवको भनाई छ । आफूलाई सोही कम्पनीको एजेन्ट रहेको बताउने सप्तरीको बलान विहुल गाउँपालिका २ बस्ने भान्जा पर्ने विक्रम यादवले आकर्षक तलब पाइने प्रलोभन देखाई त्यहाँ पुऱ्याएको र आफ्नो कमिशन बनाई पुनः अर्को यूवालाई प्रलोभनमा पार्ने तिर अर्को योजना बनाउछन् । उनले सो स्थानमा परिचयका क्रममा मधेशका जिल्लाका करिब ६ सय युवाहरु आकर्षक तलबकै प्रलोभन परेर तालिम लिइरहेको बताए । यता एक हप्तासम्म तालिम र प्रवचन सुनेर दिक्क वाक्क भएका उनीहरु घर फर्किन्न चाहे पनि आउने नदिएको राजेशले सुनाए ।

**दुई हजार पाँच सयमै आधारकार्ड**

यता नेपाली युवाहरुलाई जागिरका लागि भारतीय आधारकार्ड आवश्यक पर्ने भन्दै सो वापत प्रति व्यक्ति २ हजार ५ सय, प्रवेश शुल्क वापत १ हजार र आवास खर्च वापत १८ हजार गरी प्रतिव्यक्तिबाट २१ हजार ५ सय भारतीय रुपैयाँ कम्पनीका संचालकले वसुल गरेको यादवले जानकारी दिएका छन् । उनलाई कम्पनीका संचालकद्वारा उपलब्ध गराइएको आधारकार्डमा ठेगाना भने भारतको बिहार राज्य मधुवनी जिल्लाको बासुदेवपुर निवासी भनेर उल्लेख गरिएको छ । यस्तै अन्य नेपालीहरुको आधारकार्डमा पनि नाम सही भएपनि ठेगानामा भारतकै विभिन्न सहरको नाम उल्लेख गरिएको छ ।

उनले एकान्त स्थलमा रहेको सो कम्पनीको होस्टलमा नेपाली युवाहरुलाई कोचिएर राखिएको र बाहिर निस्किन नदिएको जानकारी पनि दिए । कसैसँग कुरा पनि गर्न नदिनइने तथा रातीको समयमा तीन घण्टा राती र दुई घण्टा दिउँसो मोबाइल चलाउन मात्र दिने त्यो पनि आफ्ना साथीभाईलाई फेसबुक, इमो, वाट्सअप मार्फत प्रलोभनमा पार्न ।

यता राजेशले भने संचालक सिंहलाई यस कम्पनीमा काम गर्न म अझ केही साथीहरु लिएर आउँछु भन्दै ढाटेर उम्केर गृह नगर राजविराज आइपुगे । उक्त कम्पनीका ५० भन्दा बढी एजेन्टहरु नेपाली बेरोजगार युवालाई आकर्षक तलबको प्रलोभन देखाई ल्याउन प्रदेश २ का विभिन्न जिल्लामा खटेको कम्पनीका संचालकहरु एक आपसमा कुरा गर्दा आफुले सुनेको राजेसले बताएका छन् ।

यसरी भइरहेको ठगी धन्दालाई नियन्त्रण गर्न र त्यहाँ फसेका नेपाली यूवाहरुलाई जोगाई सुरक्षित साथ फिर्ता ल्याउन भारतीय प्रहरीसँग समन्वय गर्नु जरुरी रहेको स्थानीय बुद्धिजीविहरुको भनाई छ ।







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### बैंक तथा वित्तिय संस्थाद्वारा प्रदेश सरकारको बिदा कीन अवमुल्यन ?

सप्तरीका बित्तिय संस्था तथा बैंकहरुले प्रदेश सरकारले दिदै आएको बिदाको सधै अवमुल्यन गर्द आइरहेका छन् । सप्तरी जिल्लामा दुई दर्जन बढी बैंक तथा वित्तिय संस्थाहरु खुलेका छन् । तर, कुनै ती संस्थाले दुई वर्षदेखी प्रदेश सरकारले दिदै आएको विभिन्न चाड पर्वको बिदामा पनि संचालन गर्दै आइरहेका छन् ।

यता प्रदेश सरकारको बिदा भने ती संस्था बाहेक सरकारी कार्यालय, विद्यालय तथा अन्य निजि संस्थाले भने मान्दै आएको छ । यता वित्तिय संस्थाहरुले राष्ट्रिय बैंकको कुनै परिपत्र नआएकोले संचालन गर्नु पर्ने बाध्य भई संचालन गरिएको जानकारी दिएको छ । यसरी हेर्दा प्रदेश सरकारको मातहतमा हालसम्म ती संस्थाहरु आउन नसक्नु विडम्बना नै हो । अर्कोतर्फ वित्तिय संस्थाहरुले प्रदेश सरकारको निर्देशन नमान्नु आफैमा अन्यौलता रहेको छ ।

तसर्थ यस्ता कुरामा प्रदेश सरकार र संघीय सरकारबीच समनवयकारी भूमिका हुनु पनि उत्तिकै जरुरी रहेको छ भने वित्तिय संस्थाहरुले समेत आफ्ना माथिल्लो निकायमा समन्वय गर्नु पनि उत्तिकै आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बस पार्क, औद्योगिक क्षेत्र र विमानस्थल स्तरोन्तरीको कार्य "बिरबलको खिचडी" झै होइन



**अमरनाथ मण्डल**

ऐतिहासिक, भौगोलिक, सांस्कृतिक धरोहर बोकेका सप्तरी जिल्लाका मुल माध्यम र श्रोतहरु विकासीय गतिविधिहरु तथा भौतिक संरचनाहरु निर्माण सँगै पुर्नस्थापना मर्मत सम्भार तथा नयाँपन र व्यवस्थापनको खाँचोका कारण ख्याती कमाएका सप्तरी जिल्ला । पिछडिएको अवस्थामा रहेको सन्दर्भको केही तथ्यहरु सार्वजनिक भएतापनि सम्बन्धित निकाय लगायत सरकारी पक्षहरुबाट उदारदता नदेखाएको कारण नेपाल अधिराज्य भरिमा नै प्रसिद्ध रहेका भारतको जयपुरको नक्सामा निर्वाधिन रहेका राजविराज नगरपालिकाको अवस्था दुरदसामा परिणत भइरहेका छन् । सगरमाथा अञ्चलको सदरमुकाम तथा हरेक स्तरबाट, क्षेत्रबाट तथा शिक्षा र बौद्धिक क्षेत्र लगायत इतिहासका महापुरुषहरुको जन्मस्थल समेत रहेका सप्तरी जिल्ला तथा राजविराज नगरपालिकाको अवस्था र प्रस्थिति र परिवेशको सन्र्दमा दिन प्रतिदिन पछाडी परिरहेका छन् । सप्तरी जिल्ला धार्मिक दृष्टिकोणमा सखडा भगवती, राजदेवी, मन्दिर, कंकालिनी भगवती लगायत धार्मिक पुरातत्व र आस्था बोकेका मन्दिरहरु तथा पर्यटकीय क्षेत्रहरु रहेको छ भने पुरानो विमानस्थल तथा सम्पूर्ण भौतिक पूर्वाधारहरु बोकेका औद्योगि क्षेत्र तथा प्रयाप्त जग्गा तथा भौगोलिक संरचनामा निर्माण भईरहेका बस पार्कको अवस्था के छ ? भन्ने सन्दर्भमा राजविराज नगरपालिका जनप्रतिनिधि तथा प्रदेश सरकारका जनप्रतिनिधि तथा सप्तरीबाट निर्वाचित भएका संघीय जनप्रतिनिधिहरु किन तदरुपता नदेखाई रहेको सन्दर्भमा नकारात्मक शब्दहरुको जन्म उत्पन्न भईरहका छन् । जनताको जनादेशबाट निर्वाचित भएका जनप्रतिनिधिहरु जनताले सिधै सरोकार रहेका भौतिक तथा औद्योगिक पूर्वाधारहरुको अवस्था दयनीय बन्दै गईरहेको जिम्मेवारी कसले लेला भने प्रश्नहरु उब्जिरहेका छन् । जनताको मनोभावना अनुसार सप्तरीको विकास सबभन्दा ठूलो आकांक्षा रहेको अवस्थामा राजविराज औद्योगिक क्षेत्र प्रयाप्त जग्गा क्षेत्रफल भित्र फैलिएका पूर्वाधारहरु, भवनहरुमा स्याल र कुकुर तथा चारहरुमा उद्योगको सट्टा गाई चराउने गोचर बन्दै गईरहेको अवस्थामा औद्योगिक लगामीतिर लगानीकर्ताहरु किन उन्मुख भईरहेको सन्दर्भ जनताहरुले प्रश्न गर्न चाहिरहेको छ । राज्यको ७५ जिल्ला मध्ये सप्तरी जिल्ला कृषि क्षेत्रमा कृषिजन्य पदार्थको उत्पादन तथा कच्चा मालको उत्पादन लगायत प्रयाप्त औद्योगिक स्तर रहेता पनि औद्योगिक क्षेत्र सुन्य बनेका छन् । त्यस्तै राजविराजको एक मात्र विमानस्थलमा केही दिन पहिले श्री एयरलायन्स आफ्नो हवाई उडान संचालन गरेको अवस्थामा अहिले बुद्ध एयर पनि उडान संचालन गर्ने तरखरमा विमानस्थलको भौतिक संरचना लगायत अन्य प्राविधिक संरचनाहरु कमजोर रहेको र विराटनगर विमानस्थल भन्दा अन्य सवालहरुमा कमजो बन्दै गईरहेको समयमा यात्रुरु, हवाई यात्रा गर्न घण्टो पर्खाइमा बसेको अवस्था सन्दर्भमा यसलाई नियमित र पूर्ण रुपमा सक्षम बनाउनु पर्ने आफ्नो दायित्वसँग कले किन पछाडी परिरहेको भने प्रश्नहरु उब्जिरहेका छन् ?

वर्षौंदेखि अव्यवस्थित ट्राफिक यात्रासँग जुधिरहेका सप्तरीको सदरमुकाम राजविराजको रोडहरुमा अनियमित तरिकाबाट बसपार्क गरी तथा टेम्पु, सानो सवारी साधनहरुको अनियमित तरिकाबाट जहाँ पायो त्यही बस स्टेण्ड बनाउने अवैधानिक परिपाटी सप्तरी राजविराज नगरपालिकाको यात्रुहरुलाई पौदल यात्रा गर्न अन्य सवारी साधनबाट यात्रा गर्न कठिनाई भईरहेको सन्दर्भमा हेर्दा खेरी दुर्घटनाको ठूलो खतरा रहेको अवस्था छ । ट्राफिक नियमको पालना गर्नु आफू दुर्घटनाको बच्नु र अरुलाई बचाउनु प्रमुख आधार ट्राफिक नियम रहेकोले ट्राफिकहरुले ठाउँ ठाउँमा लगाई रहेका नो पार्किङ्ग बोर्डहरुलाई नियम न मानि बैधानिक तरिकाबाट गाडीहरु अलपत्र पारी राखिएको कारण बजारको व्यापारीहरु लगायत बजारको सुन्दरतामा पनि ह्रास भईरहेको अवस्था छ । राजविराज नगरपालिका भित्र रोडै रोड रहेको अवस्थामा रोडहरु फराकिलो नरहेको तथा रोडहरुमा मर्मत सम्भार अवस्था दिनप्रतिदिन रहँदै सन्दर्भमा मर्मतको खाँचोको कारण सडकहरु जर्जर बन्दै छैन । त्यसको कारण अहिले राजदेवीमा वर्षौ सिलायन्स भएका बसपार्क असार मसान्तमा घुम्ति ठिकेदारहरुले काम गर्छ । फेरि त्यो, त्यहीको त्यही निर्माण अवस्था थाँती बन्न पुग्छ । आखिर विकासीय बजेट छुट्याए तापनि तदरुपताको साथ द्रुत गतिमा बसपार्कको निर्माण नहुनुको कारण के रहेको छ ? भने सन्दर्भहरु उठिरहेको छ ।

सप्तरी जिल्ला मधेशको उर्बर भुमिको रुपमा स्थापित रहँदै आएको छ । नेपाली काँग्रेसका नेता कृष्ण प्रसाद भट्टराईले एक समयमा सप्तरीलाई बौद्धिक र गतिशिल जिल्ला रहेको आफ्नो भनाई राखेको अवस्थामा प्रयाप्त पर्यटकीय आधारहरु तथा भौगोलिक सौन्दर्यताको बरदान पाएका सप्तरी जिल्ला धार्मिक पर्यटकीय समथल जग्गा तथा प्रयाप्त कृषि उत्पादन क्षेत्र रहँदै आएको अवस्थामा गणतन्त्र नायक रामराजा प्रसाद सिंह गजेन्द्रनारायण सिंह जस्ता नेताहरुको जन्म र राजनीतिक जिवन सप्तरीबाट शुरु भएको अवस्थामा सप्तरीको यस्तो दुरदसाले जनप्रतिनिधिहरु माथि सिधै प्रश्नहरुको सवालहरु उठिरहेका छन् । राजविराज नगरपालिकाका स्थानीय जनप्रतिनिधिहरुले राजविराजको हटियालाई व्यवस्थापन गर्ने पुर्नसंरचना गर्ने अवस्थाको सुरुवात त गऱ्यो तर हटियामा बनिरहेको भवनहरुको निर्माण कार्य सुस्त गतिमा चलिरहेको सन्दर्भमा गुन्द्री हाटका व्यापारी, व्यापार व्यवस्थापन गर्न नपाईरहेको सन्दर्भमा सानो व्यापारीहरु दिन प्रतिनिधि मर्कामा परिरहेको अवस्था छ । त्यस्तै राजविराजका नालाहरुको व्यवस्थापन पुर्नसंरचना तथा निर्माण कार्य, मर्मत कार्य नभईरहेकोले नालाहरुबाट दुर्गन्ध आईरहेको अवस्था छ । केही दिन पहिले राजविराजमा सुँगुरहरुको बस्ने बास बनेको थियो भने राजविराज नगरपालिकाले सुँगुर मार्ने अभियानको कारण सुँगुरहरु केही कम देखिरहेको अवस्थामा पशु र मौवेसीहरुको विज्ञ विज्ञ राजविराजको रोडहरुमा अहिले पनि देखिरहेको छ । खानेपानी, सरसफाई, पानी वहावको अवस्था वर्षायाममा राजविराजको रोडहरुमा लागिरहेको वर्षाको पानीको कारण राजविराज जस्तो सुन्दर नगरी हाल वेहाल रहेको छ ।

सप्तरी जिल्लाको प्रमुख विकासीय आधार मध्येमा तीन आधार प्रमुख स्थान बोक्दै आएको अवस्थामा राजविराज विमान स्थल, औद्योगिक क्षेत्र तथा राजविराज बसपार्कको निर्माण मर्मत सम्भार व्यवस्थापन व्यपारीहरुको पुँजीकरण लगानीको सन्दर्भमा राजनीतिक दल स्थानीय जनप्रतिनिधिहरु, प्रदेश जनप्रतिनिध तथा संघीय प्रतिनिधिहरुको सक्रियता लगनशिलता तथा राज्य संगत आफ्ना जिल्लाको विकासको लागि लड्नुपर्ने लडाईमा प्रयाप्त खाँचो देखिएको अवस्थाले जनताको मनोभावना माथि ठूलो चोट पुगेका छन् । जसको कारण जनताहरुले जनप्रतिनिधिहरु माथि विश्वास गर्न छाडिरहेको अवस्था सिर्जना भएको छ । तसर्थ जनताको मत र भावनाको सम्मान गरी सप्तरीको विकासमा स्थानीय जनप्रनिधिहरुको लगावमा पूर्ण रुपले सक्रियतापन हुनुपर्ने अवस्था देखिन्छ । नत्र भोलीका दिनमा सप्तरी अञ्चलको सदरमुकाम मात्र नभई सानो कुनै गाउँमा परिणत हुने वेर लाग्ने छैन । त्यस कारण सप्तरीले ख्याती कमाएका आधारहरुलाई सुरक्षित गरी सप्तरीका सडक, बाटोघाटो, पुलपुलेसा, औद्योगिक लगानी बसपार्कको निर्माण, विमान स्थलको सुधार जस्ता कुराहरुमा पूर्ण रुपमा ध्यान दिनुपर्ने जनप्रतिनिधिहरुको कर्तव्य रहेको अवस्था छ ।

## नवजात शिशु जन्माएर फालेकी महिला पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

सप्तरी प्रहरीले जिल्लाको रुपनी गाउँपालिका वडा नं.३ की २५ वर्षिया एक महिलालाई नवजात शिशु जन्माई फालेको घटनामा पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार नवजात शिशु जन्माई मारी फालेपछि उनलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको छ ।

यस्तै सो घटनामा रुपनी गाउँपालिका वडा नं. ३ बस्ने अरबिन्द कुमार चौधरी समेतको संलग्नता रहेको भन्दै कर्तव्य ज्यान मुद्दा चलाइएको प्रहरीले जनाएको छ । यता अरबिन्द भने फरार रहेका छन् ।

## अवैध मदिरासहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. २ मोहनपुरबाट अवैध रुपमा भारततर्फ लैजादै गरिएको मदिरासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा छिन्नमस्ता २ का रामविनय राउत, चन्द्र राउत र भारत विहार जिल्ला अन्द्रामठ बाजुवन २ बस्ने राजेश श्याम राउत रहेका छन् ।

उनीहरुलाई नेपालबाट भारततर्फ अवैध रुपमा मामा श्री नामक रक्सी २३ कार्टुन र कस्तुरी ५ काटुन गरि ३० हजार बराबरको दुई वटा साईकलसहित लैजादै गर्दा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुलाई समानसहित अदालतमा म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# दाइजो : छोरीका लागि अभिशाप



उपेन्द्र झा

परम्परागत सामाजिक संरचनालाई तहस नहस पार्ने सामाजिक कोढको रूपमा रहेको 'दाइजो प्रथा' को विरूद्ध यसपाली राम-जानकी विवाहोत्सवको अवसरमा जनकपुरमा ३७ वटा जोडीले आदर्श विवाह गरी सामाजिक क्रान्तिका शंखनाद गरेका छन् । सामाजिक विकृतिको विरूद्ध मिथिला संस्कृतिको शृद्धि हेतु थालिएको यो आदर्श अभियानका अभियन्ताहरू अनुकरणीय पात्र मात्र होइनन्, इतिहास रच्ने स्रष्टा पनि हुन् ।

दाइजो प्रथा सामाजिक संस्कृतिका क्यान्सर जस्ता खतरनाक रोग विकसित भएको रिवाज हो । यसमा सधैं बेहुली बदिलान हुँदै आएको छ । कानुनत दाइजो प्रथा अपराध मानिए पनि समाजमा यसको ठूलो साम्राज्य स्थापित छ । वरवधु दुवै पक्षबाट सिञ्चित दाइजो प्रथाको वटवृक्ष समाजमा गहिरो जरा गाडेर झाँगिएको छ । गरिब र निम्न मध्यमवर्गीय परिवार यसको प्रत्यक्ष शिकार बन्दै आएको छ ।

जनसंख्या वृद्धि, समाजिक विपन्नता, सजिलै धन लाभ गर्ने प्रवृति आदि यो रोग फैलाउने अनुकुल कारणहरू हुन् । कन्यादन गरेर अर्काको वंश चलाउने पुनीत कार्य हेतु बरपक्ष सधैं आफूभन्दा श्रेष्ठ ठान्ने सामाजिक मान्यता विस्तारै क्षीण हुँदै गयो । कन्यादन गरेर ठूलो धर्म कमाउने मान्यता विस्तारै अभिशापमा परिणत भयो ।

५० वर्ष पूर्वसम्म कन्यादन जस्तो धार्मिक अनुष्ठान सम्पन्न गर्न वरपक्षले कन्यापक्षलाई सहयोग गर्ने चलन थियो । कन्यादान पछि वंशावली अगाडि बढ्ने मान्यता अनुरूप कन्यापक्षको समाजमा ठूलो ईज्जत थियो । प्रायोगिक रूपमा पराक्रमी योग्य वर छान्ने कन्यालाई पूर्ण अधिकार प्राप्त थियो । गुणी, सच्चरित्र, योग्य पात्रलाई स्वयम्बरमार्फत जीवन साथी बनाउने सामन्ती युगमा पनि स्वतन्त्रता प्राप्त थियो । तर समाज अझ सभ्य, सु-संस्कृत र आधुनिक हुँदै जाँदा कन्याको सामाजिक अधिकार त गुम्यो नै, मानवीय धरातल भन्दा पनि बाहिर फ्याँकियो । छोरीलाई ससुरालीमा प्रताडना दिएर बाबुसँग धन माँगेर ल्याउने विकृति विस्तारै विकसित हुँदै गयो । बेहुलीलाई जिउँदै जलाउने, हत्या गर्ने, आत्महत्या गर्न बाध्य गर्ने यस्ता प्रवृति समाजमा व्यापक रूपमा बढ्यो । दाइजो असुल्न छोरालाई पढाउने एउटा व्यापारको विकास भयो । उच्च शिक्षा, सरकारी वा प्राइभेट उच्च पदका लागि १ करोडसम्म असुल्ने उच्चकोटिको व्यवसाय सुरू भयो । मानिस यस उद्देश्यले कि छोरामा अलि अलि लगानी गरेर एकमुष्ट आम्दानी हुने भनेर सबै यस व्यवसायमा लागे ।

कन्यापक्ष पनि हैसियत अनुसार छोरीलाई साक्षर माध्यामिक शिक्षा तथा उच्च शिक्षा दिलाउन यस उद्देश्यले सुरू गरे कि समाजमा छोरीको क्षीण भई रहेको प्रतिष्ठा बचोस् र वैदिक ग्रन्थको महत्व पुनस्थापित होस् । तर, अपेक्षित रूपमा त्यसो भएन । शिक्षित छोरीले केही हदमा दाइजोलाई कम गरेपनि निर्मुल भने गर्न सकेनन् । दाइजोको प्रभुत्व समाजमा कायम नै रह्यो । समाजमा दाईजो प्रथाको विरूद्ध क्षीण स्वरमा आवाज उठ्थ्यो । तर दाइजोको आगोमा चेलीले बदिलान दिई रहिन् । दाइजोले छोरीलाई अभिशापको रूपमा सामाजिक मान्यता स्थापित गऱ्यो । छोरीको जन्म अभिशापको रूपमा हुने मानसिकताले विस्तारै समाजलाई छोरीबाट मुक्ति पाउन नयाँ नयाँ गर्भ जाँच गराउने प्रविधितिर अग्रसर हुन बाध्य गऱ्यो । यसबीच सरकारले पनि गर्भपतलाई कानुनी मान्यता दियो । गर्भ जाँच गरी छोरी भएको थाहा पाएर मानिस गर्भ फाल्न थालेपछि छोरीको संख्या घट्न थालेपछि यो सभ्य समाजले 'दाईजो प्रथा' कायम राखी 'बेटी बचाऊ, बेटी पढाऊँ' को जनचेतना उठाउन सरकारी अभियान थालेको छ ।

दाइजो प्रथा सहज रूपमा धनलाभ गर्ने सशक्त माध्यम बनेको छ । उच्च शिक्षा हाँसिल गरेका ( दुवै डाक्टर) विरगंजका साह दम्पतीबिच दाइजोका कारण व्यापक तनाव रहेको चर्चा सार्वजनिक भएको छ । दुवै डाक्टर रहेको र कार्यरत समेत रहेको अवस्थामा दाइजोका कारण दाम्पत्य जीवन विषक्त बनेका अनेकौं उदाहरण हाम्रो समाजमा छ । सभ्य भनिने समाजमा कोढको रूपमा फैलिदै गएको दाइजो प्रथाको रोगले पूर्ण ग्रसित भएको अवस्थामा स्वस्थ्य समाज कहलाउन सक्छ ?

'दाइजो प्रथा' सभ्य समाजको ठूलो कलंकको रूपमा परिभाषित भएपनि यसको साम्रज्यलाई मलजल गर्ने प्रवृति समाजमा विद्यमान रहेकोले अपेक्षित रूपमा यो हट्न सकेको छैन । छोरालाई उच्च शिक्षा दिलाई सरकारी जागीर समेत स्वाएर बसेकाहरू दाइजो प्राप्त गर्ने अवसरलाई छोड्न चाहँदैनन् । राम्रो घर वरको चाहना राख्ने कन्या पक्षले पनि वरपक्षको आकांक्षा पुरा गर्न तत्पर रहेकोले कानुनको उपस्थितीमा यो अपराध हुन्छ र कानुनले केही गर्न सक्दैन ।

दिनानुदिन दाइजोका कारण अनाहकमा ज्यान गुमाउने चेलीहरूको संख्यात्मक वृद्धिले समाजमा एक किसिमको दबाब सिर्जजा गरेको छ र गर्नु पनि पर्दछ । सभ्यताको खोल ओढेर अनैतिक कार्यमा व्यस्त अगुवाहरू सामाजिक जिम्मेवारीबाट पन्छिन मिल्दैन । समाजका अगुवाहरूले समाजमा घटि रहेको अमानवीय घटनाहरूको पक्ष वा विपक्षमा बोल्न करै लाग्छ । पक्षमा बोल्ने अपराधी हुन्छ भने विपक्षमा बोल्ने समाजसेवी । जेहास् सामाजिक कलंकको रूपमा रहेको दाइजो प्रथालाई प्रश्रय दिने, चुप लागेर समर्थन गर्ने सबै अपराधी हुन् । यस्ताहरूको समाजिक बहिष्कार आवश्यक छ ।

दाइजोको आगोमा असंख्य रूपमा बलिदान दिने चेलीहरूको आर्तनादबाट जन्मिएका आदर्श विवाह गर्ने ३७ वटा जोडीलाई यो पंक्तिकारको तर्फबाट हार्दिक धन्यवाद । तथा ३७ वटा जोडी खोजेर विवाह महोत्सव सम्पन्न गर्ने आयोजक विश्व हिन्दु परिषद्लाई साधुवाद । यसपालिको विवाहपंचमी महोत्सवलाई दाइजो प्रथाको विरूद्ध ठूलो मशाल जलाएर यस प्रवृतिलाई राख बनाउने ३७ वटा युवायुवतीको जोडीले ऐतिहासिक उदाहरण दिएर महत्वपूर्ण बनाएको छ । सामाजिक विकृति हटाउने समाजिक अभियन्ताको रूपमा प्रस्तुत यी जोडीहरू दाइजो प्रथाको साम्राज्यलाई धाराशायी गर्न सफल बनोस्, यही शुभकामना । *(मधेश दर्पण फिचर सेवा)*

# बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिलाई क्षमता अभिबृद्धि सम्बन्धी तालिम

**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

बाढी प्रभावित क्षेत्रको सही तथ्यांकको लागी हनुमाननगर कंकालनी र सप्तकोशी नगरपालीकाका स्थानिय जनप्रतिनिधिहरूको क्षमता अभिबृद्धि सम्बन्धी तालिमको आयोजना गरिएको छ ।

बुधवार कोशी पीडित समाजको आयोजना तथा अक्सफाम नेपालको सहयोगमा बिपत ब्यबस्थापन सुचना प्रणाली तथा प्रारम्भिक सर्वेक्षण, मुल्यांकन सम्बन्धि तीन दिने तालिमको आयोजना गरीएको हो ।




स्थानिय बिपद ब्यबस्थापन समिति, नगरका आईटि अफिसर, रेडक्रस प्रतिनिधि, तथा स्थानिय प्रहरी, सम्बन्धी सँघसंस्थाका प्रतिनिधि सम्मलित टोली परिचालन गरिने छ ।

यस अगाडि बाढी प्रभाबित क्षेत्रवाट आउने बिभिन्न सुचना सही नभएको कारण बाढी पीडितले राहत बितरण र ब्यबस्थापन गर्न समस्या उत्पन्न हुँदै आएको थियो ।

स्थानिय सरकार संचालन ऐन २०७४ र बिपद जोखिम न्युनिकरण ऐन ०७५ बमोजिम एकद्वार प्रणाली लागू भई ऐनले निर्दिशष्ट गरेको समितिवाट तथ्यांक संकलन गरिने बताईएको छ ।

निधारित समय भित्रै सरोकारवाला निकायहरू सँग सही तथ्य उपलब्ध भएर खोज उद्दार तथा राहत ब्यबस्थापन र पुर्णलाभ कार्यक्रम गर्न थप बल पुग्ने बिश्वास लिएको केभिएसका निर्देशक देव नारायण यादबले जानकारी दिएका छन ।

सो अवसरमा तालिमका प्रशिक्षक नविन दाहालले प्रकोप तथा द्वन्द्ववाट उत्पन्न मानविय पिडालाई निवारण गर्न हर सम्भव पाईला चालिनु पर्नेमा जोड दिएको छन ।

पुष २९ देखि माघ १ गते सम्म संचालित अभिमुखिकरण तालिममा हनुमानगर कंकालनी वडा नम्वर २ वडा अध्यक्ष संतोष गोईत, ३ का बिजय यादव, ४ का अध्यक्ष नागेश्वर मण्डल, ६ का अध्यक्ष रामनाथ मण्डल, ७ का लक्ष्मी प्रसाद दास, ८ का रून्दीलाल मण्डल, १२ रामदेव मुखिया, १३ बिन्देश्वर यादब,वडा १४ का अध्यक्ष सत्य नारायण यादब, सप्तकोशी नगरपालीका ३ वडा अध्यक्ष देव कान्त चौधरी, कोशी पिडित समाजका अध्यक्ष ननु लाल मण्डल, केभिएसका निर्देशक देव नारायण यादब, अनईटी अफिसर महान्नद चौधरी, हनुमाननगर कंकालनी नगरपालीका सुचना प्रबिधि अधिकृत अमित पाठक, स्वास्थ शाखाका बिरेन्द्र यादब, केभिएसका कार्यक्रम संयोजक शंभु चौधरी, श्रवण चौधरी, अधिकृत सुकेदव चौधरी, लगायत ४५ जनाको सहभागिता रहेको थियो ।

## विश्व समाचार

### पाकिस्तान नियन्त्रित काशिमरमा ६२ को मृत्यु, २८ बेपत्ता र ५३ घाइते

इस्लामावाद, १ माघ (रासस/सिन्ह्वा) ।

पाकिस्तान नियन्त्रित काशिमर क्षेत्रमा वर्षा र हिमपातसँगै भएका घटनामा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ ।

घटनाका कारण अरु ५३ जना घाइते भएका र २८ जना हराइरहेका अधिकारीले मङ्गलबार जानकारी दिएका छन् ।

उनीहरुका अनुसार कुल ५८ ओटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने अरु ८२ ओटा घरमा पनि आशिक क्षति भएको छ ।

प्रकोप व्यवस्थापन कार्यालयका अधिकारीले घटनास्थलबाट थप विवरण आउने क्रम जारी रहेको र खोजी तथा उद्धार कार्य भइरहेको जनाएका छन् ।

देशको निलम उपत्यकामा सब}भन्दा धेरै हिमपात र वर्षाको असर परेको छ । त्यस क्षेत्रमा मात्रै ५९ जनाको मृत्यु भएको अधिकारीले बताएका छन् ।

उनीहरुका अनुसार निलम उपत्यकामा मात्रै ५३ जना घाइते भएका छन् भने ५० भन्दाबढी घर क्षतिग्रस्त भएका छन् ।

हराइरहेका २८ जनाको पनि खोजी भइरहेको जनाइएको प्रकोप व्यवस्थापन कार्यालयका अहमद राजा क्वाद्रीले जानकारी दिनुभयो । उहाँले मृत्यु हुनेको सङ्ख्या अझ बढ्न सक्ने पनि बताउनुभयो ।

काश्मिरमा कैयौं हिउँपहिरो गएका विवरण आएको उहाँको भनाइ छ । वर्षा र हिमपात भएको क्षेत्रका प्रमुख सडक र सञ्चार पूर्वाधार अवरुद्ध भएका छन् । कैयौं मानिस विभिन्न ठाउँमा फसेको जनाइएको छ ।

उक्त क्षेत्रमा विगतमा पनि बेला बेलामा प्राकृतिक विपद् आइपरिरहने भएपनि यसपटकको विपद् निकै घातक भएको छ ।

खराब मौसमले पाकिस्तानका अन्य भागमा दर्जनौंको ज्यान गएको र छिमेकी मुलुक भारत, अफगानिस्तानलगायतका देशमा पनि प्रभाव परेको समाचारमा जनाइएको छ ।

### राष्ट्रपति ट्रम्प विरुद्धको महाभियोगसम्बन्धी प्रस्ताव सिनेटमा अघि बढ्ने

वासिङ्टन, १ माघ (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको महाभियोगसम्बन्धी प्रस्ताव एक हप्ताभित्र सिनेटमा अघि बढाइने भएको छ । आगामी सात दिनभित्रमा सो प्रस्ताव अघि बढ्ने समाचारमा जनाइएको छ । त्यसका बुधबार अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभले लगाएको उहाँमाथिको महाभियोगसम्बन्धी जानकारी सिनेटमा पठाइने छ ।

सिनेट अमेरिकी संसद्को माथिल्लो सदन हो । त्यहाँ १०० जना सांसद रहने छन् । उनीहरुले दुई तिहाइ बहुमतबाट राष्ट्रपति ट्रम्पलाई महाभियोग लगाउन सक्नेछन् ।

यस महाभियोग प्रस्तावमाथिको समग्र प्रक्रियाको नेतृत्व अमेरिकाका प्रधानन्यायाधीशले गर्नुहुने छ कानुनी प्रावधान अनुरुप नै उहाँलाई पनि यस विषयमा सहभागी गराइने छ र त्यो प्रक्रिया यसैहप्ताबाट नै शुरु हुने पनि सिनेटका एकजना अधिकारीले जानकारी दिनुभएको छ ।

यसै हप्ताको बिहीबार अथवा शुक्रबारसम्ममा अमेरिकाको सर्वोच्च अदालतका प्रधानन्यायाधीश जोन रोबर्टले सिनेटमा हुने यससम्बन्धी महाभियोग प्रक्रियाको अध्यक्षताको सपथ लिनुहुने कार्यक्रम छ ।

यस महाभियोग प्रक्रियाको अध्यक्षता अमेरिकी सर्वोच्च अदालतका प्रधानन्यायाधीशले ग्रहण गर्ने कानुनी प्रावधान रहेको छ । यसरी यो महाभियोगमा मतदान हुनु अगाडि नै केही प्रक्रिया रहने छन् ।

ती प्रक्रिया पूरा गर्दा त्यस्तै आगामी फेब्रुअरी महिनाको अन्त्यसम्ममा लाग्ने बताइएको छ । सिनेटका अधिकारीले यसै हप्ताबाट नै उहाँका विरुद्धको महाभियोगको प्रक्रिया प्रारम्भ हुने जानकारी गराएका हुन् ।

यसअघि गत महिनामात्र अमेरिकी संसदको तल्लो सदन हाउस अफ रेप्रेजेन्टेटिभ्सले ट्रम्पले आफ्नो शक्तिको दुरुपयोग गरेको भन्ने आरोपको पक्षमा मतदान गरेको थियो । त्यो ट्रम्पविरुद्धका दुई महाभियोगका आरोपमध्येको एउटा थियो । त्यस महाभियोग प्रस्तावमा भएको मतदानमा महाभियोग लगाउने पक्षमा २३० मत परेको थियो भने विपक्षमा १९७ मत परेको थियो । अममेरिकी राजनीतिक पार्टीको एजेण्डाअनुरुप नै मत खसेको बताइएको थियो ।

उक्त प्रस्तावमा अधिकांश डेमोक्रयाट सदस्यले आरोपको पक्षमा र रिपब्लिकनले आरोपको विपक्षमा मत हालेका थिए । राष्ट्रपति ट्रम्पले अब महाभियोगको दोस्रो आरोपका रूपमा रहेको कङ्ग्रेसलाई अवरुद्ध तुल्याएको विषयमा पनि मतदानको सामना गर्नुपर्ने देखिन्छ ।

डोनाल्ड ट्रम्प अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रेजेन्टेटिभ्सबाट महाभियोग लगाइएका तेस्रो अमेरिकी राष्ट्रपति बन्नुभएको छ । उक्त मुद्दा माथिल्लो सदन सिनेटमा प्रवेश गरेपछि गरिने महाभियोगको प्रस्तावमाथिको मतदानले उहाँ राष्ट्रपति रहने वा नरहने भन्नेबारेसमेत निर्णय गर्नेछ ।

### दक्षिण कोरियामा गत वर्ष तीन लाख रोजगारी सृजना

सोल, १ माघ (रासस/सिन्ह्वा) ।

दक्षिण कोरियामा गत वर्ष सन् २०१९ मा तीन लाखसम्म रोजगारी सृजना भएको पाइएको छ । अघिल्लो वर्षको तुलनामा यो सङ्ख्या तीन गुणा बढी भएको पनि बुधबार सार्वजनिक गरिएको सरकारी तथ्याङ्कले देखाएको छ । तथ्याङ्कमा बेरोजगार दर भने ३.८ प्रतिशत रहेको उल्लेख गरिएको छ । कोरियामा सन् २०१९ मा रोगजारमा आवद्धको सङ्ख्या दुई करोड ७१ लाख २३ हजार रहेको थियो । सन् २०१९ मा रोजगारीको सङ्ख्यामा लगातार बृद्धि हुँदै आएको समाचारमा जनाइएको छ । बेरोजगार भएकाको सङ्ख्या भने सन् २०१९ मा कुल १० लाख ६३ हजार रहेको तथ्याङ्कमा देखाइएको छ ।

# माडवारी समुदायद्वारा विपन्नलाई भोजन तथा भाडाकुडा वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

राजविराजस्थित माडवारी समुदायले बुधबार गरिब, असहाय, बृद्धवृद्धा, साधुसन्त र मगन्तेलाई मिष्ठान भोजन एवम भाडाकुडा वितरण गरेर माघे संक्रान्ति मनाएका छन ।

नेपाल अग्रवाल सभा शाखा राजविराजमा आवद्ध माडवारी युवाले ९ सय ३७ जना गरिब असहाय, विपन्न, बृद्धबृद्धा, साधुसन्त र मगन्तेलाई मिष्ठान भोजन सहित भाडाकुडा वितरण गरेका हुन ।

सभाका अध्यक्ष मनोज कुमार अग्रवालले दक्षिणा स्वरुप उनीहरुलाई २०-२० रुपैया नगद समेत वितरण गरिएको जानकारी दिए ।

उनीहरुले भण्डारा कार्यक्रमका आयोजक समितिका पदाधिकारीहरुलाई आर्शिवादसहित धन्यवाद दिए । सो अवसरमा माडवारी सेवा समितिका अध्यक्ष सुरेश रुगटा, उपाध्यक्ष प्रमोद काँवरा, सदस्य संजय अग्रवाल, नितिन अग्रवाल लगायत सभाका पदाकिारीसहित समाजका अगुवाहरुको उत्साहजनक उपस्थिति रहेको थियो ।

# तिलाठीमा तीन घर जलेर नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

सप्तरीको तिलाठी कोलाडी गाउँपलिकामा बुधबार बिहान आगलागी हुँदा तीन घर जलेर नष्ट भएको छ ।

वडा नं ७ मा स्थानीय देवनारायण साहको घरबाट अचानक सल्केको आगो निजको एउटा घर पूर्णरूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । सोही ठाउँका छिमेकी सूर्यनारायण साह र तेजनारायण साहका पनि एक/एक घर जलेर नष्ट भएका इलाका प्रहरी कार्यालय हनुमानगरले जनाएको छ ।

आगलागीबाट तीन जनाको खाद्यान्न, लत्ताकपडा, भाडावर्तन र नगद जिन्सीलगायत करीब रु १० लाखभन्दा बढी मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आगोलाई स्थानीवासी, प्रहरी र नगरपालिकाबाट आएको बारुणयन्त्रले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यता आगलागी भने गाईगोठमा बालेको आगोबाट भएको हुन सक्ने स्थानीयले अनुमान गरेका छन् । यसैबीच आगलागी भएको ठाउँमा पीडितका लागि तत्काल राहत दिनका लागि चिउरा, भुजिया, भुजा तथा त्रिपाल सहयोगका लागि गाउँपालिकाले व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिए ।




# प्रदेश सरकारको विदाको बारम्वार वेवास्ता

**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

माघे संकान्तीको अवसरमा बुधबार प्रदेश २ सरकारले सार्वजनिक विदा दिएपनि राजविराजका बित्तिय संस्था तथा बैंकहरुले विगत झै यसपटक पनि वेवास्ता गर्दै संचालन गरेका छन् ।

यता प्रदेश सरकारको विदाको पालना गर्नेमा विद्यालय, स्थानिय तह र केही सरकारी कार्यालयहरु मात्र देखिए । संचालनमा रहेका अधिकांश बैंकका प्रबन्धकले राष्ट्रबैंकबाट निर्देशन नआएकाले संचालनमा ल्याउनु परेको बाध्यता सुनाएका थिए ।

# माघे संक्रान्तिमा कोशी र कमला नदीमा नुहाउनेको भीड

**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

माघे सङ्क्रान्ति पर्वका अवसरमा बुधबार सप्तकोशी नदीमा नुहाउनेहरूको भीड लागेको छ ।

संक्रान्तिको दिन नदीमा नुहाउनाले पाप कट्ने र पुण्य प्राप्ति हुने जनविश्वास रहेकाले हिन्दू धर्मावलम्बीहरूले कोशी नदीमा नुहाउने गरेका स्थानीयवासी बताउँछन् ।

उक्त नदीमा सुनसरी र सप्तरी तथा छिमेकी राष्ट्र भारतको बिहार राज्यअन्तर्गत सुपौल जिल्लाका विभिन्न गाउँ र शहरका वृद्धवृद्धा, बालबालिका तथा महिला, पुरुषको भीड लागेको थियो ।

नुहाउनु अगाडि धर्मावलम्बी हातमा तिल शरीरमा तिलगङ्गा जल आफ्नो जिउमा छर्केर नुहाउने गरेका स्थानीय राजकुमार साहले बताए । नुहाएपछि स्थानीय मठमन्दिर तथा भारदहस्थित रहेको कंकालिनी भगवती मन्दिर र कोशी ब्यारेजमा रहेका हनुमानजीको मन्दिरमा पूजाआजसमेत गर्ने गरिएको पाइएको छ ।

यस्तै सप्तकोशी ब्यारेजबाट निस्केको नहरमा समेत बुधबार बिहानैदेखि कोशी स्नान गर्नेको भीड लागेको हनुमानगर कंकालिनी नगरपालिका-२ का लाल माझीले जानकारी दिएका छन् । त्यस्तै सिरहाको कमला नदीमा पनि धनुषा र सिरहाका हजारौं हिन्दू धर्मावलम्बी बिहानैदेखि सो नदीमा पुगेका छन् । कमला र कोशी नदी छेउमा किनमेलका लागि मेलासमेत लागेको जनाइएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*